Government of **Western Australia**
**North Metropolitan Health Service**
**Women and Newborn Health Service**

# पारिवारिक र घरेलु हिंसा जाँच साधन

बिरामीको लागि जानकारी (in Nepali)

अष्ट्रेलियामा सबैलाई सुरक्षित महसुस गर्ने अधिकार छ। अष्ट्रेलियामा महिलाहरूलाई पुरुषहरू जस्तै समान अधिकार छ। आफ्नो पार्टनर, पत्नी वा परिवारलाई चोट पुर्याउनु वा हिंसा प्रयोग गर्नु कानूनको विरुद्ध हो। यदि कसैले तपाईंलाई असुरक्षित महसुस गराइरहेको छ वा तपाईंलाई चोट पुर्याइरहेको छ भने, हामी तपाईंलाई मद्दत गर्न सक्छौं। यदि तपाईंका बच्चाहरू छन् भने, हामी तपाईंलाई तपाईंको बच्चाहरूको सुरक्षा गर्न मद्दत गर्न सक्छौं।

कृपया निम्न प्रश्नहरू पढ्नुहोस् र उत्तरलाई संकेत गरेर ‘हो/छ‘ वा ’होइन/छैन’ जवाफ दिनुहोस्। यदि तपाई चाहनुहुन्छ भने, हामी थप छलफल गर्नका लागि फोन दुभाषेको व्यवस्था पनि गर्न सक्छौं।

| प्रश्नहरू | हो/छ | होइन/छैन |
| --- | --- | --- |
| के तपाई कहिल्यै आफ्नो घरमा कोही, पूर्व-पार्टनर वा परिवारको सदस्यसँग डराउनुहुन्छ? | ☐ | ☐ |
| के तपाईंको परिवार, घरपरिवार, वा अघिल्लो सम्बन्धबाट कसैले तपाईंलाई चोट पुर्याउने वा धम्की दिएको छ? | ☐ | ☐ |
| के तपाई यी मध्ये कुनैको बारेमा चिन्तित हुनुहुन्छ?<br>• तपाईको सुरक्षा<br>• तपाईको बच्चाहरूको सुरक्षा *<br>• तपाईको परिवार वा घरपरिवारमा अरू कसैको सुरक्षा | ☐ | ☐ |
| यदि हो भने, के तपाई अहिले यसका लागि मद्दत चाहनुहुन्छ? | ☐ | ☐ |

**यदि तपाईंले यी कुनै पनि प्रश्नको उत्तर ‘हो/छ’ मा दिनुभयो भने, तपाईंको स्वास्थ्य टोलीले तपाईंलाई तपाईंको सुरक्षाको बारेमा केही थप प्रश्नहरू सोध्न सक्छ र तपाईंलाई मद्दत गर्न अन्य सेवाहरूमा पठाउन सक्छ।.**




**Women and Newborn Health Service**
King Edward Memorial Hospital
374 Bagot Road, Subiaco WA 6008
(08) 6458 2222
kemh.health.wa.gov.au


अनुरोध गरेमा यो कागजात वैकल्पिक ढाँचामा उपलब्ध गराउन सकिन्छ।

© North Metropolitan Health Service 2026

WNHS_7676_0426_TBR-0429